**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ अप्रेल २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

**१.** प्रधानमन्त्री नरेन्द्र मोदी आज बिम्स्टेकको छैटौं शिखर सम्मेलनमा भाग लिनुहुनेछ । सम्मेलनको मूल बिषय 'बिम्स्टेक– समृद्ध, समायोजी र समावेशी' रहेको छ।

**२.** भारत र थाइल्याण्डबीच सूचना प्रधौगिकी , सामुद्रिक, एमएसएमई, हस्तकला र लगायत विभिन्न क्षेत्रमा सहयोगका लागि छ वटा सम्झौतामा हस्ताक्षर भएको छ।

**३.** संसदले वक्फ (संशोधन) विधेयक, २०२५ पारित गरेको छ भने राज्यसभाले यसलाई पारित गरेको छ I

**४.** आइपिएल क्रिकेटमा हिज राती भएको पहिलो म्याचमा कोलकाता नाइट राइडर्सले सनराइजर्स हैदरावादलाई ८० रनले पराजित गरेको छ।

**<u>प्रधानमंत्री -थाइल्याण्ड - बिम्स्टेक</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी आज बिम्स्टेकको छैटौं शिखर सम्मेलनमा भाग लिनुहुनेछ । सम्मेलनको मूल बिषय 'बिम्स्टेक– समृद्ध, समायोजी र समावेशी' रहेको छ। शिखर सम्मेलनको क्रममा बैंकक दृष्टि पत्र २०३० लाई अनुमोदन गरिनेछ र भावी रणनीति तय गर्न बिम्स्टेक गणमान्य व्यक्ति समूहको रिपोर्टलाई पनि अनुमोदन गरिनेछ।

****** ० ******

**<u>भारत – थाइल्याण्ड-'एक्ट इस्ट</u>**

भारत र थाइल्याण्डबीच सूचना प्रधौगिकी , सामुद्रिक, एमएसएमई, हस्तकला र लगायत विभिन्न क्षेत्रमा सहयोगका लागि छ वटा सम्झौतामा हस्ताक्षर भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदी र थाइल्याण्डका प्रधानमन्त्री पेटोङ्टार्न सिनावात्राबीच हिज अपराह्न बैंककमा भएको द्विपक्षीय वार्तापछि उक्त सम्झौता भएको हो। दुवै पक्षले द्विपक्षीय सम्बन्धका सम्पूर्ण आयामहरूको प्रगतिको समीक्षा गरे र भारत-थाइल्याण्ड द्विपक्षीय साझेदारीमा अझ अधिक गति थप्ने तरिकाहरूमा चर्चा गरे र क्षेत्रीय र बहुपक्षीय मुद्दाहरूमा विचार आदानप्रदान गरे । प्रधानमन्त्री श्री मोदीलाई गार्ड अफ अनर प्रदान गरियो । द्विपक्षीय वार्तापछि जारी संयुक्त वक्तव्यमा प्रधानमन्त्री श्री मोदीले भारत–थाइल्याण्ड सम्बन्धलाई रणनीतिक साझेदारीमा वृद्धि गर्ने निर्णयको घोषणा गर्नुभएको छ । उहाले भारतको 'एक्ट इस्ट' नीति र इन्डो–प्यासिफिक दृष्टिकोण मा थाइल्याण्डको विशेष स्थान रहेको बताउनु भएको छ ।

Byte प्रधानमंत्री <u>'एक्ट इस्ट</u>

****** ० ******

**<u>प्रधानमन्त्री –इन्डो प्यासेफिक</u>**

प्रधानमन्त्री श्री मोदीले भन्नुभएको छ -दुवै पक्षले उत्तर-पूर्वी भारत र थाइल्याण्ड बीच पर्यटन, संस्कृति र शिक्षाको क्षेत्रमा सहयोगलाई जोड दिएका छन्। श्री मोदीले अझ भन्नुभएको छ -भारतले आसियान एकता र ऐक्यबद्धतालाई पूर्ण समर्थन गर्दछ। उहाँले - भारत र थाइल्याण्डले स्वतन्त्र, स्वतन्त्र र समावेशी इन्डो-प्यासिफिकलाई समर्थन गर्ने बताउनु भएको छ I

byte <u>प्रधानमन्त्री –इन्डो प्यासेफिक</u>

****** ० ******

**<u>संसदले वक्फ (संशोधन) विधेयक -पारित</u>**

संसदले वक्फ (संशोधन) विधेयक, २०२५ पारित गरेको छ भने राज्यसभाले यसलाई पारित गरेको छ। विधेयकको पक्षमा १२८ मत परेको थियो भने विपक्षमा ९५ मत परेको थियो। राज्यसभामा विधेयकमाथि लगभग १२ घण्टा चर्चा भएको थियो।

लोकसभाले यस बिधेयकलाई स्वीकृति दिइसकेको छ 1 वक्फ (संशोधन) विधेयक, २०२५ को उद्देश्य वक्फ सम्पत्तिहरूको प्रबन्धनलाई व्यवस्थित गर्नु हो, जसमा सम्पदा स्थलहरूको सुरक्षा र सामाजिक कल्याणलाई बढावा दिने प्रावधानहरू छन्। यस कानूनले सम्पत्ति व्यवस्थापनमा पारदर्शिता बढाएर, वक्फ बोर्ड र स्थानीय अधिकारीहरूबीच समन्वयलाई व्यवस्थित गर्दै र सरोकारवालाहरूको अधिकारको संरक्षण गरेर सुशासनमा सुधार गर्ने लक्ष्य राखेको छ। **अल्पसंख्यक मामिला मन्त्री किरेन रिजिजुले भन्नुभएको छ** -विधेयकले मुस्लिम महिला, विशेष गरी विधवा र सम्बन्धविच्छेद भएका महिलाहरूको आर्थिक र सामाजिक स्थितिमा सुधार ल्याउने प्रयास गरेको छ। यो विधेयकको उद्देश्य वक्फ बोर्डलाई अझ समावेशी बनाउनु हो, जसमा वक्फ शासन र निर्णय लिने क्षमताका लागि विभिन्न मुस्लिम सम्प्रदायको प्रतिनिधित्व गर्दछ 1

**byte**

****** ० ******

**लोकसभाले तटीय नौवहन विधेयक २०२४**

लोकसभाले तटीय नौवहन विधेयक २०२४ पारित गरेको छ। यो विधेयकले भारतीय समुद्री सीमा भित्र व्यापारमा संलग्न जहाजहरूलाई नियमन गर्ने लक्ष्य राखेको छ। विधेयकले तटीय ढुवानीको बिनियमन सम्बन्धी कानूनलाई एकीकरण र संशोधन गर्न, तटीय व्यापारलाई प्रवर्द्धन गर्न र घरेलु सहभागितालाई प्रोत्साहित गर्न खोजेको छ।

****** ० ******

**संसद - विमानन वस्तु संरक्षण विधेयक, २०२५**

संसदले विमानन वस्तु संरक्षण विधेयक, २०२५ पारित गरेको छ र लोकसभाले यसलाई अनुमोदन गरेको छ। राज्यसभाले विधेयक पारित गरिसकेको छ । विधेयकले विमानका वस्तुमा हितको सुरक्षाको व्यवस्था गर्न खोजेको छ । यसले मोबाइल उपकरणमा अन्तर्राष्ट्रिय हित सम्बन्धी महासन्धि र बर्ष २००१ मा केप टाउनमा हस्ताक्षर गरिएका एयरक्राफ्ट उपकरणका लागि विशिष्ट विषयहरूमा मोबाइल उपकरणमा अन्तर्राष्ट्रिय हित सम्बन्धी महासन्धिको प्रोटोकल लाई पनि कार्यान्वयन गर्न खोज्छ।

**संसद -मणिपुर राष्ट्रपति शासन प्रस्ताव -स्वीकृति**

संसदले मणिपुरमा राष्ट्रपति शासन लागू गर्ने सांविधिक प्रस्तावलाई स्वीकृति दिएको छ । राज्यसभाले उक्त विधेयक पारित गरेको हो । यो प्रस्ताव संविधानको धारा ३५६ (१) अन्तर्गत मणिपुरमा यस वर्षको १३ फरवरीमा राष्ट्रपति शासनको घोषणासँग सम्बन्धित छ। लोकसभाले यस ली पहिलानै स्वीकृति दिइसकेको छ 1

****** ० ******

**राजनाथ सिह - -हिमाल आरोहन -प्रस्थान**

रक्षामन्त्री राजनाथ सिंहले हिजो नयाँ दिल्ली स्थित साउथ माउंट एवरेस्ट र माउंट कंचनजंगाको लागि अभियानलाई हरियो झण्डा देखाएर प्रस्थान गराउनुभयो। पर्वतारोहीहरूसित कुराकानी गर्दै श्री सिंहले उनीहरूको साहस, समर्पण र दृढ संकल्पको सराहना गर्नुभयो। उहाँले यी अभियानहरूले युवाहरूलाई प्रेरणा दिने छ भनि विश्वास व्यक्त गर्नुभयो। भारतीय सेनाका माउंट एवरेस्ट अभियान, जसमा 34 पर्वतारोही सामेल छन्,उनीहरुले पारंपरिक साउथ कोल रूटको अनुसरण गर्नेछन् र यसको नेतृत्व लेफ्टिनेन्ट कर्नल मनोज जोशीले गर्नुहुनेछ। माउंट कञ्चनजङ्घामा विजय प्राप्त गर्ने उद्देश्यले आयोजना गरिएको संयुक्त भारत-नेपाल अभियानमा भारतीय सेनाका 12 पर्वतारोही र नेपाली सेनाका 6 पर्वतारोही सामेल छन् 1

****** ० ******

**वाणिज्य तथा उद्योग मन्त्रालय**

भारतले अमेरिका द्वारा लगाईको 26 प्रतिशत जवाबी शुल्कको परिणाम बारे सावधानीपूर्वक जाँच गरिरहेको छ। वाणिज्य तथा उद्योग मन्त्रालयले भनेको छ विभागले भारतीय उद्योग र निर्यातकर्ताहरू लगायत सबै सरोकारवालाहरूसित वार्तालाप गरि शुल्क बारेमा प्रतिक्रिया लिइरहेको छ। विभागले अमेरिकी व्यापार नीतिमा आएको यस परिवर्तनबाट उत्पन्न हुने अवसरहरूको पनि अध्ययन गरिरहेको छ।अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले जवाबी शुल्क बारे एक कार्यकारी आदेश जारी गर्नुभएको छ । आदेश अनुसार भारतमाथि अतिरिक्त शुल्क 27 प्रतिशत रहेको छ।

****** ० ******

**युवा मामिला खेल मंत्री मनसुख मांडविया - नेतृत्व क्षमता**

युवा मामिला तथा खेलमन्त्री मनसुख माण्डवियाले युवालाई नेतृत्व क्षमताको विकास गर्ने र देशको विकासका लागि काम गर्ने आग्रह गर्नुभएको छ । नयाँ दिल्लीमा विकास भारत युवा संसद २०२५ को समापन समारोहलाई सम्बोधन गर्नुहुदै श्री माण्डवियाले भन्नुभयो - युवाहरू देशको भविष्य हुन् र राष्ट्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छन् ।

****** ० ******

**चिलीका राष्ट्रपति -भारतीय संस्कृति**

चिलीका राष्ट्रपति श्री गेब्रियल बोरिक फन्टले चिली दक्षिण अमेरिकी देशहरूको लागि भारतको प्रवेशद्वार बन्न सक्ने बताउनु भएको छ । श्री फन्टले चिली भारतीय संस्कृतिबाट सिक्न इच्छुक रहेको र दुई देशहरू बीच आर्थिक तथा व्यावसायिक सहयोग बढाउन प्रतिबद्ध रहेको बताउनु भएको छ । मुम्बईमा, श्री फन्टले दुई देशहरू बीच फिल्म निर्माणमा सहयोगको लागि आह्वान गर्नुभएको छ।

****** ० ******

**सर्वोच्च न्यायालय -शिक्षक नियुक्ति**

सर्वोच्च न्यायालयले हिज पश्चिम बंगालका विद्यालयहरूमा २५ हजार भन्दा अधिक शिक्षक र अन्य कर्मचारीहरूको नियुक्तिलाई अमान्य घोषित गर्ने कलकत्ता उच्च अदालतको निर्णयलाई यथावत राखेको छ। सर्वोच्च न्यायालय ले सम्पूर्ण चयन प्रक्रियामा धाँधली भएको र यसको विश्वसनीयता र वैधता समाप्त भएको बताएको छ।

****** ० ******